# रतुवामाई नगरपालिका
## Ratuwamai Municipality
## नगर कार्यपालिकाको कार्यालय
### Office Of Municipal Executive

सिजुवा, मोरङ
Sijuwa,Morang
कोशी प्रदेश, नेपाल
koshi Province ,Nepal

रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिजुवा, मोरङ कोशी प्रदेश, नेपाल

आ.व.(F.Y.):२०७९/८०(प्रशासन शाखा)

च.नं.(Ref.No.): १५५४

मिति : २०८०/०२/१७

विषय : कार्यान्वयन गर्ने सम्बन्धमा ।

**श्री सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, विद्यालयहरु, एकाईहरु,**
**रतुवामाई नगरपालिका, मोरङ ।**

उपरोक्त सम्बन्धमा नेपालले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा रोकथामको लागि सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) **ऐन २०६८**, सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) **नियामावली २०६८**, सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) **निर्देशिका २०७१**, पारित गरी लागु गरिसकेको छ। सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) कानुनहरुमा उल्लेख भए बमोजिम तपसिलमा उल्लेखित बुदाँहरु तत्काल पालना भए/नभएको यकीन गरी नभएको खण्डमा अनिवार्य पालना गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

तपसिल :

१. **सार्वजनिक स्थलमा** : (राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, सार्वजनिक सवारीका साधन, प्रतिक्षालय, काउण्टर, सार्वजनिक शौचालय, उद्योग तथा कलकारखानाका कार्य स्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र, होटल, छात्राबास, अतिथि गृह, रङ्गशाला, डिपाटमेन्ट स्टोर, धार्मिक स्थल, आदि) **धूम्रपान तथा सूर्ती, गुट्का सेवन गर्न नहुने** ।

२. सार्वजनिक स्थलको व्यवस्थापकले आवश्यकता अनुसार विभिन्न ठाँउमा धूम्रपान तथा सूर्ती सेवन गर्न नपाउने व्यहोराको **सूचना सबैले देख्ने र पढ्न सक्ने गरि टाँस गर्ने** ।

३. सार्वजनिक स्थलबाट कम्तिमा एक सय मिटर भित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन नपाउने र सोको सूचना समेत टाँस गर्ने ।

४. सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ती सेवन गरेमा व्यवस्थापकले त्यस्तो कार्यमा तूरुन्त रोक लगाउने र त्यसरी रोक लगाउदा **नमानेमा** निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैया जरिवाना वा दुवै **सजाय गर्ने**।

.....................

**संजय बहादुर राजलवट**
**प्रमुख प्रशासकीय अधिकृत**



Phone No.:021-414057
Website:ratuwamaimun.gov.np
Fb Page: https://www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal
Email:info@ratuwamaimun.gov.np, ratuwamaimunicipalityinfo@gmail.com